**प्रेस वक्तव्य: २०७८ फागुन १३**

## स्थानीय सम्पदा उत्पादनको रूपमा रहेको हातले बुनेको पाल्पाली ढाकाको नयाँ ब्रान्ड तथा संकलन सहित समावेशी वृद्धि तथा पुनरूत्थान

*यूकेएड सीप, पाल्पाली ढाका संघ तथा तानसेन नगरपालिकाको साझेदारीले सम्पदाको पुनरुत्थान, समावेशी रोजगारी सिर्जना तथा पाल्पाली ढाकाको लागि नयाँ बजारको ढोका खोल्ने वातावरण बनाएको छ*

स्रोतहरू→ प्रभावको बारेमा भिडियो: ब्रान्डको पुनरुत्थानको यात्रा | कफी टेबल फोटो, कथा तथा कपडाहरूको क्याटलग

फागुन १३, काठमाडौँ ।

आज काठमाडौँमा आयोजित एक विशेष निजी कार्यक्रममा नेपालका लागि बेलायती राजदूत निकोला पोलिट, अर्थ सचिव मधु मरासिनी, चर्चित अभिनेता राजेश हमाल तथा अन्य प्रमुख सरोकारवालाहरू सहभागी भई पाल्पाली ढाकाको पुनरुत्थान तथा नव प्रवर्तनहरूको बारेमा जानकारी लिने र त्यसको सफलतालाई मनाउनुभयो । त्यस कार्यक्रममा कपडा तथा उत्पादनहरुका संकलन सहित नयाँ समय सुहाउँदो ब्रान्ड पाल्पालीको सुरुवात गरियो जसले सम्पदा, घर सजावट तथा सन् २०२२ को फेसनलाई समावेश गरेको थियो । लुम्बिनी प्रदेशको पाल्पाबाट सुरुवात भएको स्थानीय रूपमा हातले बनाइएको कपडा पाल्पाली ढाकाले विगत दुई वर्षमा यूकेएडको रोजगारीका लागि सीप कार्यक्रम (सीप) को सहयोगमा स्थानीय तथा अन्तर्राष्ट्रिय बजारमा पुन: सशक्त हुँदै र आफ्नो स्थान बनाउँदै आएको थियो ।

सन् २०१९ मा यूकेएडको सीपले तानसेन नगरपालिका तथा लुम्बिनी प्रदेश सरकरसँगको सहकार्यकमा पाल्पाली ढाका संघको गठन गर्ने वातावरण बनाउनुका साथै त्यसमा सह लगानी गरेका थिए । संस्थापकका रूपमा नौँओटा कम्पनीहरू रहेको उक्त संघसँग यूकेएड सीपको बहु सरोकारवाला साझेदारीले विश्व स्तरका कपडा बुन्ने कालिगढहरूको सीप विकास गर्नुका साथै प्रक्रिया, उत्पादन तथा बजारमा पहुँचमा वृद्धि भएको छ । त्यसको नतिजा स्वरूप स्थानीय रोजगारीहरूमा तीन गुणाले वृद्धि भएको छ, औसतमा कम्पनीहरूले गरेको लगानीमा ४० प्रतिशतले वृद्धि भएको छ र ४० प्रतिशतले नयाँ उद्यमहरूको संख्यामा वृद्धि भएको छ ।

स्थानीय तथा राष्ट्रिय बजार ढाकाजस्तै देखिने नक्कली कपडाहरूले छ्यापछ्याप्ती भएकोदेखि श्रमिकहरू पाउन तथा उनीहरूलाई काममा लगाइराख्न समस्या हुने जस्ता लगभग असम्भव जस्तै देखिने चुनौतीहरूको सामना गरिरहेको उद्योगको विगत दुई वर्षको प्रगति रूपान्तरणकारी नै छ । पाल्पाका मेयर अशोक के शाहीले भन्नुभयो, "पाल्पाली ढाकाको लागि यो अभूतपूर्व सयम हो । महामारीका बाबुजद कारखानाहरूमा उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको छ ।"

विशेष गरी यूकेएड सीप र पाल्पाली ढाका संघको साझेदारीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्ति तथा संस्थाहरूलाई परिचालन गऱ्यो जसले कच्चा पदार्थको रूपमा रहेको धागोमाथिको पहुँचमा वृद्धि गऱ्यो; दक्ष तथा उत्प्रेरित श्रमिकहरूको संख्यालाई बढायो; नव प्रवर्तनहरू लागु गरिए; अन्तर्राष्ट्रिय रूपमा चलिरेहेको फेयर ट्रेडका अभ्यासहरूसँग एकरूप हुने मानकहरूको तय गऱ्यो; नयाँ उद्यम तथा त्यसको विस्तारको लागि पुँजीमा हुने पहुँचमा सहजीकरण गऱ्यो; ब्रान्डिङ तथा बजारीकरणलाई सुधाऱ्यो तथा यस उद्योगमा रहेको डिजिटल खाडललाई कमी गऱ्यो । नेपाल सरकारका अर्थ सचिव मधु मरासिनीले भन्नुभयो, "यूकेएडसँगको सहकार्यमा ढाका उद्यमीहरूले हासिल गरेको नव प्रवर्तन तथा बजारसँगको सम्बन्ध देखेर म उत्साहित छु । हाम्रा रैथाने उद्योगहरूले अगाडि बढ्नका लागि यो उद्यम विकासको पहल एक उदाहरण बन्न सक्छ भन्ने मलाई लागेको छ ।"

उक्त कार्यक्रममा बोल्दै नेपालका लागि बेलायती राजदूत पोलिटले भन्नुभयो, "हाम्रा साझा प्रयासले यस उद्योगको क्षमता बढाएको छ जसले गर्दा आफ्नो सांस्कृतिक सुरुवातको मर्मलाई आत्मसात् गर्दै नवीन कपडा तथा उत्पादनहरुको विकास गर्ने काम सुनिश्चित गरेको छ; उपभोक्ताहरूको माग सिर्जना गरेको छ र कपडा बुन्ने उत्कृष्ट महिला कालिगडहरूको उत्पादन गरेको छ ।" उक्त कार्यक्रममा यूकेएड सीपका टीम लिडर बलजित बोहरा पनि उपस्थित हुनुहुन्थ्यो । सीप र पाल्पाली ढाका संघका टोलीहरूले कसरी स्थानीय तथा विश्वभरका डिजाइनरहरूबिच सहकार्यमा सहजीकरण गरे; र लुम्बिनी प्रदेश सरकार तथा तानसेन नगरपालिकाबिचमा सहकार्यमा सहजीकरण गरे भन्ने बताउनुभयो । त्यस्तै उहाँले संस्कृतिमा आधारित नव प्रवर्तन; पुन: प्रयोगीय सामग्रीहरू; कथा समेटिएका उत्पादनहरूको सुरुवात तथा त्यसलाई अपनत्व लिने कामहरू कसरी भए जसले ब्रान्ड पाल्पालीलाई परिभाषित गर्छ र भविष्यका नवीन उत्पादनहरूसँग पनि सम्बन्ध राख्छ भन्ने बारेमा पनि थप्नुभयो ।

नयाँ ब्रान्डको अनावरण गर्दै नेपाली चलचित्रका अभिनेता राजेश हमालले भन्नुभयो, "हामीले हाम्रा हजूरआमाहरूले ढाका कपडाको चौबन्दी चोलो लगाएको देख्यौँ र हाम्रा हजूरबुबाहरूले फाल्चामा बस्दा ढाका टोपी लगाएको देख्यौँ । तर ती दृश्यहरू आजकल बिरलै देखिन्छन् । पाल्पाली ढाकाले समयका उतारचढाबलाई भोगी नयाँ पुस्ताको रोजाइको कपडाको रूपमा पुनरागमन गरेको भन्न पाएकोमा आज म अत्यन्तै हर्षित छु ।"

**सम्पर्क:** अर्चना गुरूङ <archana.gurung@seepnepal.com; 9851153115>; अनुशेश रायमाझी <anushesh.rayamajhi@pda.org.np; 9857011088>

**सम्पादकलाई टिप्पणी**

**यूकेएड सीपको बारेमा**

काठमाडौँमा रहेको बेलायती राजदूतावासको सहयोगमा सञ्चालित यूकेएड सीपले निजी तथा सार्वजनिक क्षेत्रहरूसँगको साझेदारी मार्फत प्राथमिकताका क्षेत्रहरूमा रोजगारी तथा उद्यमशीलताका अवसरहरूलाई सृजना गर्न मूलत: प्रदेश २ र लुम्बिनी प्रदेशमा काम गरिरहेको छ । व्यवसायिक कृषि, उत्पादन, पर्यटन, सूचना, सञ्चार तथा प्रविधि, र निर्माण क्षेत्र सीपले निर्धारण गरेको प्राथमिकताका क्षेत्रहरू हुन् । उत्पादशील तथा समतामूलक बजारमा आधारित सीप विकासका अवसरहरू प्रदान गर्न, वित्तमा पहुँच बढाउन, नेपाली युवाहरूको जीविकोपार्जनसँग गाँसिएको आप्रवासनलाई सूक्षित ताथ नैतिक बनाउने सेवा तथा प्रणालीको विकास गर्न सीपले नवीन र प्रतिस्पर्धात्मक कोष तथा प्राविधिक सहयोग उपलब्ध गराउँछ । सीपले निजी तथा सार्वजनिक पुँजीलाई परिचालन गर्न उत्प्रेरित गरि प्रणालीगत सहकार्यहरूलाई सहजीकरण गर्दै रोजगारी तथा श्रम बजारमा भएका अवरोधहरूलाई सम्बोधन गर्छ र आप्रवासनको लाभ लिने अवसर सिर्जना गर्छ । हालसालै राखिएका यस परियोजनाका प्रभावका कथाहरु तथा घटना अध्ययनहरूको लागि यो लिंकमा जानुहोला - https://seepnepal.com/knowledge-hub/insights-and-impacts/ ।

**पाल्पाली ढाका संघ**

पाल्पाली ढाका संघ पाल्पाली ढाका उद्योगलाई पुनर्जाग्रित गर्ने उद्देश्यका साथ सन् २०२० मा स्थापना गरिएको थियो । यस संघले हातले बुनेर ढाका कपडा बनाउने स्थानीय तरिकालाई संरक्षण गर्न, उक्त ज्ञानलाई भावी पुस्तासम्म विस्तार गर्न तथा कपडा बुन्ने कालिगडहरुको काम गर्ने अवस्थामा सुधार गर्न उत्प्रेरकको भूमिका निर्वाह गरेको छ । अहिले नौँओटा ढाका उत्पादन गर्ने कम्पनीहरू समावेश भएको यस संघले यहाँ काम गर्ने कालिगडहरुको लागि काम गर्ने अवस्थाको गुणस्तरको मापदण्ड बनाउन अन्तर्राष्ट्रिय फेयर ट्रेडका मानकहरूसँग एकरूपता ल्याउने, प्रमाणपत्र प्रदान गर्ने तथा पाठ्यक्रममा आधारित सीप विकास तालिमहरू मार्फत उच्चतम गुणस्तरको हातले बुनेको ढाका कपडाहरुको उत्पादनको सुरूवात गर्ने, तथा डिजाइनमा विविधिकरण तथा उत्पादनमा नवीनता ल्याई सामूहिक रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारहरूको लागि उत्पादन गर्ने उद्देश्य राखेको छ । यूकेएड सीप, लुम्बिनी प्रदेश सरकार, तानसेन नगरपालिका, प्रणालीगत तथा बजारका अन्य पात्रहरूको सहयोगमा यस संघले नेपाली ढाकाको वृद्धि गर्ने पहलमा काम गर्दैछ जसले पाल्पाली ब्रान्डलाई नयाँ उचाइमा पुऱ्याउनेछ ।